# कोन्ज्योसोम गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर

३ नं. प्रदेश, नेपाल ।

प.सं.

च.नं.

मिति: २०७६/०६/१६

**विषय:**

विजया दशमीको शुभकामना ।

नेपाल विभिन्न जातजाती, भाषा भाषी, धर्म संस्कृतिले धनी मुलुक हो । नेपालमा मनाईने विभिन्न चाडपर्व तथा संस्कृति मध्ये विजया दशमी पनि एक महत्वपूर्ण पर्व हो । शुभ विजयादशमी २०७६ को पावन अवसरमा यस कोन्ज्योसोम गाउँपालिकाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

असत्य माथि सत्यको, अन्याय माथि न्यायको जीत प्राप्ती नै विजया दशमीको प्रतिक हो । तसर्थ विजया दशमीको अवसरमा नवदुर्गा माताको शक्तिले सदा-सर्वदा सुख, शान्ति, समृद्धि मिलोस भन्दै दशैं पर्वसंगै जीवनमा नयाँ उमङ्गको अनुभुति दिलाओस भन्ने अपेक्षा राख्दै स्वदेश तथा विदेशमा रहनुहुने सबै दाजुभाई तथा दिदीबहिनीहरुमा दशैंको अवसरमा मान्यजनबाट ग्रहण गरिने टिका, जमरा, आशिर्वादले संधै आदर, सम्मान, सदभाव, मेलमिलाप सहित संस्कारयुक्त समाजको ढोका खुलोस भन्ने विश्वास व्यक्त गर्दछु ।

दशैंलाई मितव्ययी, स्वस्थ, समाज सुहाउँदो रुपमा मनाई सद्भाव र भाईचाराको उच्चस्रतको अभ्यासमा, सिंगो कोन्ज्योसोम गाउँबासीहरुको सहभागीता रहोस् भन्ने अपेक्षा राख्दै, शुभ विजया दशमी-२०७६ को पुनित अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सु-स्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

०६।१६

गोपीलाल सिंतान

(अध्यक्ष)

**गोपीलाल सिंतान**

अध्यक्ष

बडा दशैं-२०७६

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
३ नं. प्रदेश, नेपाल
२०७३

"कृषि, पर्यटन, जनशक्ति विकास र पूर्वाधार: समृद्ध र सम्पन्न कोन्ज्योसोम विकासको आधार"

Email:- konjyosom2075@gmail.com website: konjyosommun.gov.np